# महिला लघुवित्त वित्तीय संस्थाको बैदेशिक रोजगारीमा जाने सम्भावित कामदारहरु र गृहणीहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न ।

महिला लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय साँगा, काभ्रेद्धारा संस्थाको सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विभिन्न किसिमका लक्षित वर्गका व्यक्तिहरुलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । २०८२ जेष्ठ २३ गते सुदुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला, बेलौरी नगरपालिका र २०८२ जेष्ठ २६ कर्णाली प्रदेशको सुर्खेत जिल्ला, पञ्चपुरी नगरपालिकामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको हो ।






कञ्चनपुर जिल्ला, बेलौरी नगरपालिकामा गृहणी महिलाहरु ६८ जनाको उपस्थिति रहेको थियो । गृहणी महिलाहरुमा वित्तीय चेतना, ज्ञानको विकास गर्न, पारिवारिक बजेट तथा खर्च व्यवस्थापन कसरी गर्ने, बचतका आधारभूत पक्षहरुको जानकारी गराई अत्यावश्यक खर्च र फजुल खर्च लगायतका विषयमा तालिम सञ्चालन गरिएको थियो ।

२०८२ जेष्ठ २६ सुर्खेत जिल्ला, पञ्चपुरी नगरपालिकामा बैदेशिक रोजगारीमा जाने सम्भावित कामदारहरुका लागि सञ्चालन गरिएको तालिममा ४५ जनाको सहभागीता रहेको थियो । उक्त कार्यक्रममा बिमाको महत्व तथा विप्रेषणबाट प्राप्त रकम सही सदुपयोग, आवश्यकता र चाहना तथा आम्दानी, खर्च र बचतका आधारभूत पक्षबारे जानकारी, फजुल खर्च नियन्त्रण गर्ने उपायहरु लगायतका विविध विषयमा वृहत जानकारी गराइएको थियो ।






कार्यक्रममा वित्तीय संस्थाको तर्फबाट अनुगमन तथा निरीक्षण विभाग प्रमुख श्री बुद्धि प्रसाद भट्ट, सुदुरपश्चिम प्रदेश प्रमुख श्री नारद न्यौपाने, कर्णाली प्रदेश प्रमुख श्री प्रकास बहादुर चन्द, बाबियाचौर शाखा प्रमुख श्री राम बहादुर चौधरी, बेलौरी शाखा प्रमुख श्री सागर मल्ल लगायत अन्य कर्मचारीहरुको सहभागीता रहेको थियो । संस्थाले यस आ.व २०८१/८२ मा ७ वटै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।